फोन नं.: ०१-५६७१७१७

# नागार्जुन नगरपालिका

नागाङ्गन नगनयालिक

ན་གར་ཛུན་ ... ལི་ག།

## नगर कार्यपालिकाको कार्यालय

हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

प.सं.:-

च.नं.:-

नागार्जुन नगरपालिकाको आ.व. ०८२/०८३ को मिति २०८३/०२/०३ गते बसेको कार्यपालिकाको बैठकको निर्णयहरु

**निर्णयहरू:**

**निर्णय नं १**

यस नगरपालिका अन्तर्गत साविक इचंगुनारायण गा.वि.स र भिमढुंगा गा.वि.स मा सञ्चालित गरिवसँग विशेश्वर कार्यक्रमका लागि संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानमा बजेट रु. ३,००,०००/- (अक्षरुपी तीन लाख) एकमुष्ठ विनियोजन भएकोमा उक्त बजेटबाट हाल नागार्जुन नगरपालिका वडा नं १,२,३ (साविक इचंगुनारायण गा.वि.स) र वडा नं ८ (भिमढुंगा गा.वि.स) कार्यक्रम सञ्चालन गर्नको लागि निम्न बमोजिम विनियोजन गरी कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि.नं | कार्यक्रमको नाम | रकम रु | कार्यक्रम लागु हुने वडा |
|---|---|---|---|
| १ | गरिवसँग विशेश्वर कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्च | १,५०,०००/- | १,२,३ (साविक इचंगुनारायण गा.वि.स) |
| २ | | १,५०,०००/- | वडा नं ८ (भिमढुंगा गा.वि.स) |

**निर्णय नं २**

यस नगरपालिका अन्तर्गत वडा नं २, ५ र ६ बाट महिलाहरुलाई साइपाटा सामाग्रीहरुको हस्तकला सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालनका लागि माग भई आएकोले उल्लेखित कार्यक्रम सञ्चालन गर्नको लागि यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत महिला लक्षित विविध कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्येबाट प्रस्तावित रकम रु. २,२०,०००/- (अक्षरुपी दुई लाख बीस हजार) विनियोजन गरी कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३**

यस नागार्जुन नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका योजना, कार्यक्रम तथा गतिविधिहरूको बारेमा सार्वजनिक सुनुवाइ कार्यक्रम इचंगुनारायण मन्दिरमा मिति २०८३/०२/२४ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

फोन नं.: ०१-५६७१७१७

# नागार्जुन नगरपालिका
नागार्जुन नगरपालिका
ན་གར་ཇུན་ ན་གར་པ་ལི་ཀ།
## नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल।

प.सं.:-
च.नं.:-

## तपसिल
### सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गैरीखेत खानेपानी वडा नं ७ | दश हजार लिटरको पानी ट्याङ्की | स्वीकृत माग फारम बमोजिम् | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| २ | गैरीगाउँ मध्यमार्ग वडा नं २ | खानेपानीको पाइप HDPE Pipe 75 mm | स्वीकृत लागत अनुमान बमोजिम | |
| ३ | विन्दवासिनी अस्थायी प्रहरी विट वडा नं ७ | जस्ता पाता तथा कार्यालय सामाग्री | स्वीकृत माग फारम अनुसार | विविध कार्यक्रम खर्च (२२५२९) |
| ४ | प्रहरी चौकी भिमढुंगा वडा नं ८ | कम्प्यूटर तथा स्टेश्नरी सामाग्री माग | स्वीकृत माग फारम अनुसार | |
| ५ | दुई धारा खानेपानी वडा नं २ | २००० लिटर पोलिथिन ट्याङ्की | स्वीकृत माग फारम अनुसार | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| ६ | घट्टेखोला पुरानो बस्ती भित्रि सडक वडा नं ६ | ७२ मि DWC Pipe 400mm | स्वीकृत लागत अनुमान बमोजिम | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| ७ | इचाडोल शाखा बाटो वडा नं ६ | ५० मि ४०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| ८ | गजुरमुखी वोर्डिङ्ग विद्यालय नजिक सडक वडा नं ६ | ५४ मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| ९ | जयन्तीगाउँ भित्रि बाटो वडा नं ६ | १०० मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १० | कछाडथोक बसाह चौर देखि भित्रि सडक वडा नं ६ | ९० मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| ११ | लिङ्क मार्ग वडा नं ६ | १०० मि. २५० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १२ | भैरवटोल नयाँ बस्ती वडा नं ६ | १२० मि. ६०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १३ | सातविसे कुलो वडा नं ६ | ६० मि. ५०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १४ | भिमसेन मन्दिर आसपासको वस्ति वडा नं ८ | ३००० मि. १५ mm HDPE Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १५ | देवनगर मिलनटोल खानेपानी वडा नं २ | | स्वीकृत लागत अनुमान बमोजिम | |
| १६ | वडा नं ९ अमरज्योति मा.वि. तर्फ जाने बाटो | ३० मि. ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिंम | |

योजना तथा कार्यक्रमहरु माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | रकम रु | बजेट शीर्षक |
|---|---|---|---|---|
| १ | दिवाकर खनालको घर जाने बाटो स्तरोन्नती वडा नं ६ | सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | अन्य सार्वजनिक निर्माण (३११५९) |
| २ | रत्न विपस्यना नजिकको सडक वडा नं २ | ढल मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ३ | गैरीगाउँ उकालोमा ढल वडा नं २ | ढल मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ४ | तीनघरे भित्रि सडक वडा नं २ | सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ५ | पन्चकन्या मन्दिरको ठाडो उकालो सडक निर्माण वडा नं ९ | सडक निर्माण | स्वीकृत लागत अनुमान बमोजिम | |
| ६ | वडा नं १ राधाकृष्ण मन्दिर देखि मनकामना सडकको ढल मर्मत तथा सरसफाइ | ढल तथा सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ७ | अमरज्योति माध्यमिक विद्यालय फर्निचर खरिद वडा नं १० | सामाग्री खरिद | २,००,०००/- | शिक्षा शाखाको सिलिङ |

विपद् व्यवस्थापन तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | रकम रु | बजेट शीर्षक |
|---|---|---|---|---|
| १ | इचंगुनारायण आधारभूत विद्यालय वडा नं ३ | पर्खाल निर्माण | ९६,०२३.५७ | विपद् व्यवस्थापन शीर्षकबाट |
| २ | उमागाउँ सिद्धेश्वर हाकेको चौतारो निस्कने सडक वडा नं ६ | सडक मर्मत | ९९,०००.०० | |
| ३ | ज्योति प्रा.वि. बाट अमलाबोट जोड्ने सडक मर्मत वडा नं ६ | सडक मर्मत | ९९,०००.०० | |

**निर्णय नं ५**

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएकोमा लागत साझेदारीमा सञ्चालन गर्न यस नगरपालिकाको वार्षिक नगर सभाबाट स्वीकृत जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट तपसिलका योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. | नगरपालिकाले व्यहोर्ने | उपभोक्ताले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | छगडोल भित्रि बाटो स्तरोन्नती | ५ | ९,९९,५६८.७९ | ४,९९,७८४.४ | ४,९९,७८४.४ |
| २ | विर भगवती डाँडादेखि इचंगुनारायण पोष्ट हुँदै ढोलुङ्गे बस्ति जोड्ने सडक | ३ | ९,८५,७११.३६ | ४,९२,८५५.६८ | ४,९२,८५५.६८ |
| ३ | भैरवटोल बाटो ढलान उपभोक्ता समिति | ६ | ९,९५,६४८.२७ | ४,९७,८२४.१३ | ४,९७,८२४.१३ |
| ४ | रत्नराज्य माध्यमिक विद्यालय | ७ | स्वीकृत लागत अनुमान बमोजिम | | |
| ५ | सिद्दार्थ कोलोनी वडा नं २ | २ | स्वीकृत लागत अनुमान बमोजिम | | |
| ६ | कटुवा पाखा बाटो स्तरोन्नती | ७ | स्वीकृत लागत अनुमान बमोजिम | | |

फोन नं.: ०१-५६७१७१७

नागार्जुन नगरपालिका
नागार्जुन नगरपालिका
ན་གཱར་ཛུན་ ན་གར་པ་ལི་ཀཱ།
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल।

प.सं.:-
च.नं.:-

निर्णय नं ६

यस नगरपालिका भित्र रहेका सहकारी संस्थाले सहकारीको सिद्धान्त बमोजिम काम गरे नगरेको, निजलाई थप राय सल्लाह सुझाव तथा असल अभ्यासका सम्बन्धमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति गठन गरिएको छ ।

तपसिल

१. नगर प्रमुख - संयोजक
२. प्र.प्र.अ. - सदस्य
३. नगर प्रमुखले मनोनयन गरेको १ जना सहकारी विज्ञ - सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य
५. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
६. सहकारी शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार सहकारी क्षेत्रको २ जना विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं ७

यस नगरपालिकामा जलवायु परिवर्तनका असरहरुलाई सम्बोधन गर्न र स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तर्जुमा गर्नुपर्ने भएकोले सो सम्बन्धमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ८

नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रबाट यस नगरपालिका वडा नं. ५ स्थित छग्डोलमा सडकको बीचमा रहेको एल.टी. पोलहरू सिफ्ट गर्नको लागि सडकको भागमा रहेका विद्युत पोलहरू स्थानान्तरण गर्नु पर्ने भएकाले उल्लेखित प्राधिकरणबाट प्राप्त प्राविधिक लागत अनुमान बमोजिमको रकम रू. २,५३,८२३.९०/- (अक्षरूपी दुई लाख त्रिपन्न हजार आठ सय तेइस रुपैंया नब्बे पैसा) नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको नाममा नबिल बैंक लिमिटेड कुलेश्वरमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५४८६ मा उक्त रकम जम्मा गर्नको लागि पत्राचार भएकोमा सम्बन्धित योजनामा बचत भएको रकमबाट खर्च हुने गरी उल्लेखित रकम नेपाल विद्युत प्राधिकरणको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९

आ.व. ०८३/०८४ को लागि वडा सिलिङ्ग निर्धारणका लागि छलफल हुँदा गत आ.व. ०८२/०८३ मा कायम रहेको वडा सिलिङ्गलाई नै निरन्तरता दिने निर्णय गरियो।

फोन नं.: ०१-५६७१७१७

नागार्जुन नगरपालिका
नागार्जुन नगरपालिका
ན་གར་རྫུན་ ན་གར་པ་ལི་ཀ།
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

प.सं.:-
च.नं.:-

निर्णय नं १०

नागार्जुन नगरपालिकाको आ.व. ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नका लागि तपसिलको नीति तर्जुमा गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | नागार्जुन नगरपालिकाको आवास नीति, २०८३ | तर्जुमा गर्ने |
| २ | नागार्जुन नगरपालिकाको भू-उपयोग नीति, २०८३ | तर्जुमा गर्ने |

निर्णय नं ११

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको लागि तपसिल बमोजिमको खाका निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर प्रमुख - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. प्राविधिक शाखा प्रमुख - सदस्य
४. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
५. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

महेश रिमाल
नगर प्रवक्ता
नागार्जुन नगरपालिका